अनुसूची २

(दफा ४ तथा अनसूची(१ को भाग(२ साग सम्बन्धित)

# जनकपुरधाम उपमहानगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १७ मितिः २०७५/१२/०४

भाग-२

जनकपुरधाम उपमहानगरपालिकाका

## एक्साभेटर सञ्चालन सम्बन्धी निर्देशिका २०७५

आज्ञाले,

प्रदिप शाह

नि.प्रमुख प्रशासकीय अधिकृत

## जनकपुरधाम उपमहानगरपालिका
## एक्साभेटर सञ्चालन सम्बन्धी निर्देशिका २०७५

### प्रस्तावना

जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र ठूला मेशिनिरी उपकरण प्रयोग सम्बन्धि कार्यलाई व्यवस्थित गरि वातावरणिय सन्तुलन नविग्रने गरि विकास र वातावरण विच तादात्म्यता मिलाउन र जनकपुरधाम दिगो विकासको अवधारणा अवलम्वन गरि वातावरणमैत्री विकास प्रकृया अवलम्वन गर्न बान्छनिय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरि जनकपुरधाम नगरक्षेत्रमा स्थानीय ऐन सरह लागु हुने गरि नगरसभाले यो मापदण्ड स्वीकृत गरि लागु गरिएको छ ।

नगरसभावाट स्वीकृत मिति

जनकपुरधाम उपमहानगरपालिकाको कार्यक्षेत्र भित्र स्काभेटर लगायत भारी उपकरण प्रयोग गर्ने सम्बन्धमा आर्थिक बर्ष २०७५/७६ देखि निम्नानुसार हुने गरी गर्नेः-

जनकपुरधाम उपमहानगरपालिकाबाट हुने भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारको सिलसिलामा योजनाको सर्भे डिजाइन गरी सो योजनाको लागि उपमहानगरपालिकाको स्रोत परिचालनका लागि मोटमोटी रूपमा कुन-कुन काममा मेशिन उपकरणको प्रयोग गर्ने भन्ने बारेमा एकिन गर्न देहाय बमोजिमको प्राविधिक समिति गठन गर्ने ।

१. उपमहानगरपालिकाको पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख -संयोजक
२. उपमहानगरपालिकाको योजना तथा अनुगमन उपशाखा प्रमुख- सदस्य
३. सम्बन्धित योजनाका साइट इन्चार्ज- सदस्य- सचिव

क. प्राविधिक समितिले भारी मेशिन उपकरण प्रयोग गर्ने भनि एकिन गरेका कामको लगत इष्टिमेट र अन्य कामको लगत इष्टिमेट छुटाउन मिल्ने गरी प्रचलित नर्मस अनुसार तयार पारी सम्बन्धित योजनाको लगत इष्टिमेटलाई अन्तिम रूप दिने कार्य नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्ने । सो को स्वीकृति गर्ने कार्य प्रचलित कानूनले तोके अनुसार गर्ने ।

ख. मेशिन उपकरणको प्रयोग हुने गरी लगत इष्टिमेट तयार भै रहेको योजनाहरूको कम्तिमा इन्जिनियर तहबाट योजनास्थल निरिक्षण गरी त्यस्ता मेशिन उपकरणको प्रयोगलाई निर्धारित क्रियाकलापमा सिमित गर्ने व्यवस्था कार्यालयले मिलाउने । सो आधारमा समयमै सुधारात्मक उपाय अबलम्बन गर्ने ।

ग. उपमहानगरपालिकामा उपभोक्ता समिति, टोल विकास समिति वा निर्माण व्यवसायी मार्फत निर्माण वा मर्मत सम्भार भै रहेका पूर्वाधार विकासका कार्यहरूलाई दिगो, गुणस्तरीय र वातावरणमैत्री बनाउने कार्यमा नियमन गर्न प्राविधिक जाँच समूह बनाई एक आर्थिक बर्षमा कम्तीमा एक पटक प्राविधिक अनुगमन गर्ने ।

घ. उपमहानगरपालिकाले नियमित रूपमा आयोजना गर्ने समीक्षा बैठकमा प्राविधिक पक्षको छुट्टै प्रतिवेदन तयार पारी समीक्षा गर्ने र सुधारका उपाय अवलम्बन गर्दै जाने ।

ङ. निजी प्रयोजनको लागि निजी जग्गामा सडक खोल्ने, घडेरी खन्ने तथा निजी खर्च वा यो उपमहानगरपालिका बाहेक अन्य सरकारी वा गैर सरकारी क्षेत्रको बजेट उपयोग गरि निर्माण सुधारको काम गर्ने क्रममा पनि डोजर, एक्साभेटर जस्ता भारी उपकरण प्रयोग गर्नुपर्ने भए सो प्रयोग गर्नु अघि प्रयोगकर्ताले अनिवार्य रुपमा उपमहानगरपालिका कार्यालयबाट अनुमति लिनुपर्नेछ । अनुमतिको लागि दिने निवेदनको ढाचा अनुसूची १ बमोजिमको हुँनेछ । अनुमति लिए नलिएको एकिन गरेर मात्र त्यस्तो भारी मेशिन भाडामा वा अन्य कुनै उपायद्धारा प्रयोग गर्न दिनु सम्बन्धित मेशिन धनीको पनि हुँनेछ । विना अनुमति मेशिन चलाएको पाइएमा नगरकार्यपालिकाले निर्णय गरि प्रयोग गर्नेलाई पुगेको क्षति विचार गरि रु ५ हजार देखि ५० हजार सम्म जरिवाना गर्न सक्नेछ । मेशिन धनीलाई पहिलो पटक रु १ हजार र दास्रो पटक रु ३ हजार जरिवाना गर्न सकिनेछ । त्यसपछि पनि चलाएको पाइएमा नगरक्षेत्रमा चलाउन नगर कार्यपालिकाले निर्णय गरि प्रतिबन्ध लगाउन सक्नेछ ।

च. यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा वा कार्यान्वयनमा कुनै द्धिविधा उत्पन्न भएमा नगरकार्यपालिकाले निर्णय गरि उचित निकास दिन सक्नेछ ।

आज्ञाले,

प्रदिप शाह

नि.प्रमुख प्रशासकिय अधिकृत